# किंवदन्तीमा आधारित मगर भाषामा गाउँहरू

उदयपुर जिल्लाको त्रियुगा तटमा रहेको हडिया गा.वि.स. मगर भाषाको हरिन राहा शब्दबाट अपभ्रंश भई हडीया भनिएको हो । धेरै वर्ष अगाडिको कुरा हो घनाजंगलले ढाकिएको यस इलाकामा जंगली जनावरहरू बाघ, भालु, वनेल, अर्ना, जरायो, मृग फडके, चितुवा, ब्वाँसो आदि प्रशस्त मात्रामा पाइन्थ्यो, आजभोली बाघ, चितुवा, बाहेक सबै जनावरहरू पाइन्छ । त्यस इलाकामा थारूहरूको सम्म भागमा घना वस्ती रहेको थियो । मगरहरू प्रायश: शिकारी र माछ्घा मार्ने स्वभावका हुन्छन् त्यस भेगमा मगरहरूको घरमा प्रायश: एउटा न एउटा भरूवा बन्दुक भेटिन्छ । आजभोली भने मगरहरूले शिकार खेल्न छाडि सकेका छन् । दान ब. घले मगर र माधव कुमार थापा मगरको कथन अनुसार :- यस घना जंगलमा प्रसशत मात्रामा जंगली जनावरहरू पाइने भएको हुनाले एकदिन मगरहरूको डफ्फा शिकार खेल्न प्रत्येकले एक एक बटा भरूवा वन्दुक बोकी जंगलतिर गएछन् । त्यस डफ्फा तीन समूहमा विभाजन भएर गौंडा बनाएछन्, एक समुह पश्चिमतिर दोस्रो समुह दक्षिणतिर तेस्रो समुह उत्तरतिर गई बसेछन् पूर्बतिरबाट हाहा हुहु गर्दै एक डफ्फा झाडी अगाडि बढ्दै आए, हाहा र हुहुको आवाजले हरिणहरू तर्सिएर भाग्न शुरू गरे ।

हुलका हुल हरिण आएको देखेर दक्षिणतिर गौंडाका शिकारीहरू बन्दुक पड्काउन छाडेर हरिन राहा (हरिन आयो) भनेर जोडले कराउन थालेछन्, मानिसको आवाज सुनेर हरिण उत्तर तर्फ भागेछन्, पश्चिमतिरको गौंडाबाट शिकारी कराउन थाले खै राहा ? (खोइ आयो ?) उत्तरतिर हरिणहरू हुलकाहुल आएको देखेर बन्दुक पडकाउनुको सट्टा इला राहा (यहाँ आयो) भनेर जोडले कराउन थालेछन्, पश्चिमतिरको शिकारी र दक्षिणतिरको शिकारीहरू दौडिदै उत्तरतर्फ लाग्दा हरीणहरू पूर्वबाट भागिसकेका थिए । त्यसदिन एउटै शिकार मार्न नसकेकोले मगर शिकारीहरू मुखामुख गरेर हाँस्न थालेछन् तीनै शिकारीहरूले धेरै बर्ष पछाडि पहिला शिकार खेल्दा उम्कोको जनावरहरूको कल्पना गर्दै झुप्रो बनाएर बास बस्न शुरू गरेछन् । हाल: खैराहामा र इक्राहामा प्रशस्त मात्रामा मगरहरूको घनावस्ती रहेको छ भने हडियामा यसभन्दा अगाडि रहेको थियो अहिले २.४ घर मात्र छन् । उक्त गाउँको नामाकरण मगर भाषाबाट भएको हो । खैराहा (खोइ आयो) इला राहा (यहाँ आयो) थारूहरूको घनावस्तीले गर्दा थारूहरूको लवजमा अप्रभंश भई इकाहा भएको छ । हडिया (हरिण राहा) पनि थारूहरू कै घनावस्ती र लवजले गर्दा हरिन राहाबाट अप्रभंश भई हडिया भएको छ । उक्त गाउंहरू अहिले हडिया गा.वि.स. अन्तरगत रहेको छ यो लौकिक यस भेगका बुढापाकाहरूको मुखमा नै झुण्डिरहेको छ ।

राहा -२१

Lafa traimasik prakashn, raahaa, april, barsa 1, ank 1, baisakh-asauj 2051